IT

पाँचथर जिल्ला अदालत पाँचथर

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (बिगो नं. ४०, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर मिक्लाजुङ गाउँपालिका वडा नं. ८ दुर्दिम्बा बस्ने शान्ति कुमारी तामाङ प्रतिबादी जिल्ला ऐ.ऐ. बस्ने दिल प्रसाद मगर भएको मु.नं. ०७९-CP-१६४५ को लेनदेन मुद्दामा मोरङ जिल्ला अदालतबाट मिति २०८०/०७/२१ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.१,४०,०००।– (एक लाख चालिस हजार) र त्यसको कानून बमोजिमको ब्याँज रु.१,४०,०००।– (एक लाख चालिस हजार) तथा फिरादसाथ दायर गरेको अदालती शुल्क रु.६,५०७।- समेत गरी जम्मा रु.२,८६,५०७।– (दुई लाख छयासी हजार पाँचसय सात) रुपैया भराई पाऊँ भनी वादीको मिति २०७९/०५/२२ मा दरखास्त परी कारबाहीक्रममा मोरङ जिल्ला अदालतबाट प्रतिवादीको नाममा १५ दिने म्याद जारी भएकोमा सो म्याद मिति २०८१/०२/१६ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादी हाजिर नभई म्याद गुजारी बसी सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका बाबु देउमान मगरको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८१/१२/२७ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले मिति २०८२।०२।११ का लागि तोकिएको डाक लिलाम सकार नभएकोले पुनः मिति २०८२।०३।२६ गतेमा डाक लिलाम हुने गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना तपसिलको जग्गामा-१, मिक्लाजुङ गा.पा. ६ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८२/०३/२६ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | देउमान मगर | पाँचथर | दुर्दिम्वा | ५/ग | ६ | १५-१-१-३ | रु.६०,०००।– | |

ईति सम्वत २०८२ साल जेठ २० गते रोज ३ शुभम्-------------------------------------------